# दावी बिरोध उपर निर्णय

नेपाल बैंक लिमिटेडको ५९ औं वार्षिक साधारण सभाबाट पारित गर्ने विभिन्न एजेन्डाहरुमध्ये बैंकको सर्व साधारण शेयरधनीहरुका तर्फबाट दुइ जना शेयरधनीहरुको पनि निर्वाचन गर्ने एजेन्डा रहेकोमा नेपाल बैंक लिमिटेडको निर्वाचन प्रयोजनको लागि नियुक्त निर्वाचन अधिकृतले मिति २०७६/०१/१२ का दिन प्रकाशित निर्वाचन तालिका बमोजिम मिति २०७६/०१/१६ गतेका दिन उम्मेदवारको मनोनयन दाखिलाको लागि तोकिएको समयमा दाखिला हुन आएका कुल ३ जना उमेदवारहरुमध्ये उमेदवारी दर्ताको क्र.सं.१ का उमेदवारको विरुद्धमा नेपाल बैंक लिमिटेडका शेयरधनी श्री टीका बहादर् कार्कीले "नेपाल बैंक लि.को सर्वसाधारण तर्फको संचालकको निर्वाचनमा दर्ता नं.१मा उमेदवारी दिनुहुने श्री सुरेन्द्र बहादुर सिंहको नेपाल राष्ट्र बैंक इ.प्रा.नं. ६ /०७५ को बुंदा नं २० को प्रकरण नं. १ मिति २०७५/१०/६ अनुसार कुलिङ पिरियड ६ (छ) महिना व्यतित भै नसकेको देखिएकोले निज अयोग्य रहेको" भनि उजुरी गर्नु भएको र सो सम्बन्धमा निर्वाचन तालिकामा तोकिएको समय भित्र निजलाई फोन मार्फत जानकारी गराइ निर्वाचन अधिकृतको कार्यालमा उपस्थित भै छलफलको लागि अनुरोध गर्दा उक्त निर्देशनका सम्बन्धमा आफु जानकार रहेको तर तालिकामा तोकिएको समयभित्र उपस्थित हुन नसक्ने जानकारी दिनुभएको अवस्था र कार्य तालिका बमोजिम दावी विरोध उपर निर्णय दिनुपर्ने भएकोले उक्त दावी विरोधका सम्बन्धमा नेपाल राष्ट्र बैंक इ.प्रा.नं. ६ /०७५ को बुंदा नं २० को प्रकरण नं. १ लाई अध्ययन गर्दा " कुनै एउटा इजाजत पत्र प्राप्त संस्थामा संचालक रहेको व्यक्ति प्रचलित व्यवस्थाको अधिनमा रही कार्यकाल थप भएको अवस्थामा बाहेक संचालक पदबाट जुनसुकै कारणबाट हटेमा कम्तिमा ६ महिनाको समय व्यतित नभई यस बैंकबाट इजाजत प्राप्त संस्थामा संचालक लगायत अन्य कुनै पनि हैसियतमा कार्य गर्न पाउने छैन।" भनि उल्लेख भएको, बैंकमा संचालकको लागि उमेदवारी दिनुभएका श्री सुरेन्द्र बहादुर सिंह नेपाल बैंक लिमिटेडको संचालक समितिमा रही मिति २०७५/८/२७ गते देखि संचालकको पदबाट मुक्त हुनु भएको संचालकको लगत र बैंकले आफ्ना नियमनकारी निकायहरुमा समेत सोही बमोजिम जानकारी गराइसकेको देखिएको, आज मनोनयन दाखिला गर्ने दिन मिति २०७६/०१/१६ मा निजको पदावधि समाप्त भएको ४ महिना २० दिन मात्र भएको र निर्वाचन हुने दिन मिति २०७६/०१/२२ मा समेत उक्त अवधि ६ महिना नपुग्ने देखिएको समेत अवस्था लाई विश्लेषण गर्दा बैंक तथा वित्तीय संस्था सम्बन्धि ऐन,२०७३ तथा बैंकको नियमनकारी निकाय (नेपाल राष्ट्र बैंक) बाट जारी निर्देशनको व्यवस्था बमोजिम बैंकको संचालक निर्वाचन सम्बन्धि निर्देशिकाको बुंदा नं. १० (च) मा उल्लेखित अवस्था प्रमाणित हुन आउने देखिंदा निज उमेदवार श्री सुरेन्द्र बहादुर सिंह विरुद्धको उजुरी कर्ताको दावी पुग्ने देखिदा निजको उमेदवारी कायम हुन सक्ने देखिएन ।

विद्याकान्त अधिकारी
निर्वाचन अधिकृत